# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, असार १० गते २०३८ साल (अतिरिक्ताङ्क

राष्ट्रिय पञ्चायत सचिवालयको

सूचना

श्री ५ महाराजाधिराजबाट राष्ट्रिय पञ्चायतको बत्तीसौं अधिवेशनलाई २०३ साल आषाढ १० गते रोज ४ का दिन बक्सेको सम्बोधन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# शाही सम्बोधन

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद पर उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवि ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रब गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्र श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् स समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राष्ट्रिय पञ्चायतका अध्यक्ष तथा सदस्यहरू,

१. हाल सम्पन्न आम निर्वाचनपछिको राष्ट्रिय पञ्चायतको यस अधिवेशनलाई सम्बोधन गर्न पाउँदा हामीलाई खुशी लागेको छ।

२. राष्ट्रिय जनमतसंग्रह सम्पन्न हुँदा हाम्रा देशवासीले सुधार सहितको दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थालाई नै रोजेको कुरा सबैमा विदितै छ। हाम्रा प्यारा प्रजाको यस आस्था र व्यवस्थामा सामयिक सुधारको चाहना अनुकूल संविधान सुधार सुझाव आयोगको सुझावलाई समेत ध्यानमा राखी विशेष समितिको परामर्शमा हामीले गत वर्ष पौष १ गते नेपालको संविधानमा तेस्रो संशोधन जारी गरिबक्सेका थियौं। संशोधित संविधान लोकसम्मतिको मूलभूत आदर्श र वृहत् राष्ट्रिय हितको संरक्षण गर्नमा सक्षम हुनेछ र नेपाली नेपाली बीच सहयोग र एकताको अभिवृद्धि गर्दै देशलाई विकासको बाटोमा बढी उत्साहका साथ अगाडि बढाउनमा सहायक हुनेछ भन्ने हाम्रो धारणा छ।

३. आम निर्वाचनमा हाम्रा प्यारा प्रजाले जसरी शान्तिपूर्ण ढङ्गले आफ्नो राजनैतिक अधिकार उपभोग गरेर दलविहीन पञ्चायत व्यवस्थाप्रतिको आफ्नो आस्था व्यक्त गरे त्यो पनि सबैको सामु छ। यसबाट हाम्रो यो व्यवस्था देशको विकट क्षेत्रका लगायत तमाम नेपाली मात्रको मनमस्तिष्कमा जरो हालेको साझा प्रजातान्त्रिक व्यवस्था हो भन्ने कुरा स्पष्ट भएको छ। यहाँ उपस्थित तमाम सदस्यहरूबाट गरिमापूर्ण ढङ्गले यही कुराको प्रतिनिधित्व भएको छ।

४. अब देशमा प्रत्यक्ष बालिग मताधिकारका आधारमा राष्ट्रिय पञ्चायतका सदस्यहरू जनप्रतिनिधिका रूपमा निर्वाचित भएका छन्। राष्ट्रिय पञ्चायतप्रति उत्तरदायी हुने मन्त्रिपरिषद्को गठन भएको छ। यसरी स्थापना भएको प्रजातान्त्रिक परिपाटीले देशमा राजनैतिक स्थिरता अझै बढी कायम रहने आशा राख्नु स्वाभाविकै हो। राष्ट्रिय विकास र निर्माणका कामहरूमा पनि देशको जनशक्ति र साधनको अधिकतम परिचालन हुन सक्नेछ भन्ने हामीबाट आशा राखिबक्सेका छौं। राजनैतिक दृष्टिबाट अब नेपाली समाजले स्पष्ट दिशाबोध गरिसकेकोले आर्थिक तथा विकाससम्बन्धी कार्यक्रमहरू एकाग्रता र दृढताका साथ कार्यान्वयन गर्ने बेला आएको छ। त्यसैले देशनिर्माणको यस अवसरमा हामी सबै मुलुकमा शान्ति र स्थिरता कायम राख्न सदा जागरूक रहनु आवश्यक छ।

५. सर्वसाधारण देशवासीहरूलाई आइपरेको वर्तमान आर्थिक कठिनाइको समस्या समाधान गर्नेतर्फ आज हामी एकचित्त भएरै अग्रसर हुनु परेको छ। यसका निम्ति राष्ट्रिय पञ्चायतको यस सदनमा जनप्रतिनिधिका रूपमा भाग लिने सौभाग्य पाएका सबैबाट परिपक्व सुझाव र नीतिनिर्माणको कुरामा सहयोगको मेरो सरकारले आशा गर्नु स्वाभाविक हो।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्गको स्वार्थको रक्षा गरी सङ्गठित शक्तिलाई राष्ट्रनिर्माणमा लगाउने अभिप्रायबाट गाउँ वा नगर, जिल्ला, अञ्चल र केन्द्रीय स्तरमा समेत आगामी आर्थिक वर्षमा चुनाव गराई वर्गीय सङ्गठनहरू गठन गरिनेछन् । साथै स्थानीय पञ्चायतहरूको निर्वाचन पनि सम्पन्न गराउने मेरो सरकारको लक्ष्य रहनेछ ।

७. हाम्रो देशमा विगत वर्षहरूमा विकासका लागि भएका लगानीका उपलब्धिहरूबाट जनतालाई अवश्य केही लाभ पुग्न गएको छ तापनि बढ्दो जनसंख्याको चाप, प्राकृतिक सन्तुलनमा क्रमिक ह्रास हुँदै गइरहेको कारणबाट समेत हुने बाढी, पैह्रो, सुखखा जस्ता समस्याहरूले पनि हाम्रो जनता गरीबी र बेरोजगारीले ग्रस्त रहेको छ । हाम्रो बहुसंख्यक जनताका मूलभूत समस्याहरू गाँस, बास तथा लुगाकाटा हुन् । त्यसैले ग्रामीण क्षेत्रमा समेत रोजगारीका अन्य सम्भावनाहरू पहिल्याउने कुरालाई मेरो सरकारले सर्वाधिक महत्त्व दिनेछ ।

८. नेपालमा विगत वर्षहरूमा खाद्यान्नको उत्पादनमा कमी, वैदेशिक व्यापारमा घाटा, मुद्राप्रदायमा अभिवृद्धि जस्ता कारणहरूले जनजीवनमा अवाञ्छित प्रभाव पारेको छ तापनि चालू आर्थिक वर्षमा राष्ट्रिय उत्पादनमा वृद्धि भएको छ । विशेष गरी खाद्यान्न बालीमा उत्पादन वृद्धि हुनु सन्तोषको कुरा हो । यसै आन्तरिक स्रोतको परिचालनमा पनि सकारात्मक लक्षण देखा परेका छन् । हाम्रो सामुन्ने विभिन्न कठिनाइहरू छन् तापनि आत्मनिर्भर हुन राष्ट्रिय उत्पादन बढाउनु सिवाय अरू केही विकल्प छैन । यी सबै कुराहरूलाई मेरो सरकारले मनन गरी छैठौं योजनाको परिधिभित्र रही आर्थिक क्षेत्रमा एक ठोस कार्यक्रम तर्जुमा गरी अभियानको रूपमा सञ्चालन गर्ने अठोट गरेको छ ।

९. विकास कार्यको तर्जुमा, सञ्चालन र संभारमा स्थानीय जनताको सक्रिय सहभागिताको जगेर्ना गर्नाको साथै स्थानीय श्रम, सीप र साधनको व्यापक परिचालन गर्न सके ग्रामीण विकास कार्यक्रम कार्यान्वयन गर्न कठिनाइ हुने छैन । यसबाट ग्रामीण क्षेत्रमा रोजगारीको पनि व्यवस्था गर्न सकिने भएकोले मेरो सरकारले स्थानीय विकास-कार्यलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्ने भएको छ । यसै दृष्टिले सन्तुलित विकासको आवश्यकतालाई ध्यानमा राखी बेग्लै पाँचौं विकास क्षेत्र थप गरिएको हो । उक्त क्षेत्रको केन्द्र डोटी दिपाइल तोकिएको छ ।

१०. विगत योजना अवधिहरूमा उपलब्ध पूर्वाधारहरूको अधिकतम फाइदा उठाई कृषि उत्पादन वृद्धि गर्ने कार्यक्रमहरू प्रभावकारी रूपबाट सञ्चालन गरिने छन् । कृषि उत्पादन वृद्धि कृषकवर्गको प्रयासमा भरपर्ने हुनाले उनीहरूको आवश्यकता, रुचि तथा स्थानीय सम्भाव्यता अनुसार कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयनमा कृषकवर्गको सक्रिय सहभागिता जुटाउने प्रक्रियाको विकास गरिनेछ । कृषि प्रसार तथा कृषि ऋण-सम्बन्धी सुविधाहरू खास गरेर साना किसानहरूलाई उपलब्ध गराउन मेरो सरकारले विशेष ध्यान दिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. मेरो सरकारले भूमिसुधार कार्यक्रम अन्तर्गत समस्त मोहीहरूको हक प्रभावकारी रूपमा संरक्षण गर्नुका साथै हदबन्दीभन्दा बढी प्राप्त हुन आएको जग्गा वितरण गर्ने कार्यमा बढी तीव्रता ल्याउनेछ ।

१२. एकीकृत ग्रामीण विकास आयोजनाहरूको कार्यान्वयनको अहिलेसम्मको अनुभव सन्तोषजनक देखिन आएकोले उक्त आयोजनाको विस्तार गरिनेछ । जनसंख्या-वृद्धिको समस्यालाई बहुपक्षीय दृष्टिबाट अध्ययन गरी उपयुक्त ढङ्गबाट नियन्त्रित गर्नेतर्फ मेरो सरकारले थप प्रयास गर्नेछ ।

१३. मेरो सरकारले विभिन्न विकासकार्यहरू सञ्चालन गर्न आवश्यक आर्थिक साधन जुटाउनु पर्ने तथ्यलाई ध्यानमा राखी वर्तमान कर व्यवस्थालाई सुदृढ तथा व्यावहारिक तुल्याउँदै जानेछ । साथै कर निर्धारण प्रणालीलाई सरल र वैज्ञानिक बनाई करका दरहरूमा मात्र वृद्धि नगरी कर प्रशासनमा बढी सुधार ल्याई राजस्व वृद्धि गर्नेतर्फ विशेष प्रयास गरिनेछ । आर्थिक आयोगको प्रतिवेदनका उपयुक्त सुझावहरू मेरो सरकारले कार्यान्वयन गर्दै जानेछ ।

१४. देशको द्रुततर आर्थिक विकासमा औद्योगिकीकरणको महत्वपूर्ण भूमिका हुने हुँदा विद्यमान् औद्योगिक लगानीको वातावरणलाई बढी अनुकूल, सरल तथा उत्साहवर्द्धक बनाई निजी क्षेत्रलाई बढी प्रोत्साहित गर्न मेरो सरकारले नयाँ औद्योगिक नीतिको घोषणा गरिसकेको छ । उक्त नीति अन्तर्गत औद्योगिक रोजगारीमा वृद्धि गरी क्षेत्रीय आर्थिक असन्तुलन हटाउनेतर्फ मेरो सरकार प्रयत्नशील रहनेछ । दैनिक उपभोग्य वस्तुहरू तथा निर्माण सामग्रीहरूमा आत्मनिर्भर हुने र आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने उद्योगहरूको स्थापनामा विदेशी लगानी तथा निजी क्षेत्रको सहभागितालाई प्रोत्साहित गरिनेछ । वैदेशिक व्यापारमा सन्तुलन ल्याउने हेतुले उपयुक्त नीति तर्जुमा गरी निर्यात वृद्धि गर्नेतर्फ मेरो सरकारले विशेष जोड दिनेछ ।

१५. मुलुकमा आवश्यक पर्ने धेरैजसो लत्ताकपडाहरूमा हामी आयातमा नै भर परी आएका छौं । आन्तरिक बजार प्रचुर मात्रामा भएको हुनाले आयातलाई विस्थापित गरी देशभित्रै कपडा उत्पादन बढाउँदै लगी यस क्षेत्रमा आत्मनिर्भरता हासिल गर्नको लागि मेरो सरकारले एक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै जानेछ । मेरो सरकारले घरेलु उद्योगको प्रवर्द्धन तथा विस्तार कार्यक्रमलाई बढावा दिंदै जानेछ । प्राकृतिक तेल तथा ग्यासको अन्वेषण कार्य मेरो सरकारले जारी राख्नेछ । आवश्यक उपभोग्य वस्तुहरू तथा निर्माणका सामग्रीहरूको आपूर्तिको साथै बजारमा मूल्य स्थिर राख्न मेरो सरकारले ठोस कदमहरू चाल्नेछ ।

१६. पर्यटन उद्योग विदेशी मुद्रा आर्जनको प्रमुख स्रोत भएकोले यसको अझ बढी विकास एवं विस्तार गर्न यसको कार्यक्षेत्रलाई विस्तृत गर्नुको साथै यस उद्योगसंग सम्बन्धित संगठनहरूको सुदृढीकरण गरिनेछ । मेरो सरकारले विदेशी पर्यटकहरूलाई बढी मात्रामा नेपाल भ्रमणमा आउन प्रोत्साहित गर्न देशका अरू थप सम्भावित पर्यटनस्थलहरूको विकास गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. मुलुकको अपार जलस्रोतलाई आर्थिक विकासको महत्त्वपूर्ण साधनको रूपमा कसरी विकास गर्न सकिन्छ भन्ने प्रश्न हाम्रो सामु खडा छ । हाम्रो जलस्रोतको अधिकतम लाभ हामीले उठाउनुका साथै मेरो सरकार यसबाट क्षेत्रीय विकासमा समेत सहयोग पुऱ्याउन प्रयत्नशील रहनेछ । हाल देशको बढ्दो उर्जाशक्तिको आवश्यकताको सन्दर्भमा जलविद्युत् परिचालन गर्ने नीति अनुरूप वृहत् जलविद्युत् आयोजनाहरूको तर्जुमा र कार्यान्वयनका साथै दुर्गम तथा पहाडी भेगमा साना जलविद्युत् आयोजनाहरू क्रमिक रूपमा निर्माण गर्नेतर्फ मेरो सरकारले विशेष ध्यान दिनेछ । त्यसैले वृहत् जलविद्युत् योजनाहरू सञ्चालन गर्न विभिन्न पक्षबाट सहयोग जुटाउने कार्य जारी नै रहनेछ र हाल निर्माणाधीन जलविद्युत् योजनाहरू पूरा गर्नेतर्फ मेरो सरकार सक्रिय रहनेछ । आगामी आर्थिक वर्षदेखि कुलेखानी जलविद्युत् योजनाबाट विद्युत् उत्पादन कार्य प्रारम्भ गरिनेछ र विद्युत् प्रसारणमा सुधार गर्ने सिलसिलामा अधिराज्यभर एउटै एकीकृत विद्युत्प्रणाली स्थापना गर्न मेरो सरकारले प्रारम्भिक कार्य शुरू गरिसकेको छ ।

१८. कृषि उत्पादनमा वृद्धि गर्न सिंचाइको सर्वोपरि महत्त्वलाई ध्यानमा राखी अधिराज्यको कृषियोग्य भूमिमा सिंचाइ सुविधा विस्तार गर्दै लैजाने नीति अनुरूप आगामी आर्थिक वर्षमा वाग्मती सिंचाइ योजनाको निर्माणमा तीव्रता ल्याइनेछ । प्रारम्भिक कार्य पूरा भइसकेका विभिन्न सिंचाइ आयोजनाहरूका अतिरिक्त पहाडी भेगमा साना र मझौला सिंचाइ आयोजनाहरू समेत सञ्चालन गर्दै जान मेरो सरकार प्रयत्नशील रहनेछ । बाढीबाट हुनजाने जन, धन र राष्ट्रिय सम्पत्तिको क्षति हुन नदिन नदी नियन्त्रण कार्यक्रम सञ्चालनमा पनि मेरो सरकारले जोड दिंदै जानेछ । शहरी क्षेत्रमा स्वच्छ खानेपानी र ढलनिकासको थप सुविधा वृद्धि गर्दै लैजाने र खानेपानी तथा सरसफाइ दशक कार्यक्रम अन्तर्गत ग्रामीण जनतालाई खानेपानी सुलभ गराउने मेरो सरकारको योजना छ ।

१९. मेरो सरकारले देशमा विद्यमान् यातायातको कठिनाइलाई ध्यानमा राखी बढी यातायात सुविधा उपलब्ध गराउन यातायात विकासमा लगानी गर्दै जानेछ । यस सन्दर्भमा महेन्द्र राजमार्गको बाँकी भागको निर्माणकार्य पूरा गर्न विशेष ध्यान दिइने छ । अन्य निर्माणाधीन योजनालाई पूरा गर्नेतर्फ पनि मेरो सरकार प्रयत्नशील रहनेछ । नयाँ यातायात आयोजनाहरू कार्यान्वयन गर्नेतर्फ न्यूनतम यातायात सुविधा नपुगेका ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा सञ्चालन हुने आयोजनाहरू तथा आर्थिक दृष्टिकोणबाट औचित्य भएका यातायातका आयोजनाहरूलाई प्राथमिकता दिने नीति मेरो सरकारले अपनाउनेछ । साथै विद्युत् शक्तिबाट सञ्चालन हुने यातायात विकासको लागि मेरो सरकारले आवश्यक योजना तयार गरी कार्यान्वयन गर्दै लैजानेछ ।

२०. नेपालमा पत्रकारिताको विकासको लागि गठित शाही प्रेस आयोगबाट पेश हुने प्रतिवेदनका उपयुक्त सुझावहरू कार्यान्वयन गर्नेतर्फ मेरो सरकारले प्रयास गर्नेछ । सञ्चारका विभिन्न माध्यमहरूको विकास गर्ने क्रममा दूरसञ्चारतर्फ मेरो सरकारले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धनकुटा र सुर्खेतलाई पनि माइक्रोवेभ प्रणालीद्वारा आवद्ध गर्ने कार्य आगामी आर्थिक वर्षको अन्त्यसम्ममा पूरा गर्नेतर्फ प्रयत्न गर्नेछ । साथै टेलिभिजन स्थापनाको सम्भाव्यताबारे मेरो सरकारले अध्ययन गर्नेछ ।

२१. वन विकास कार्यक्रमलाई अघि बढाउन जनसहभागिता जुटाई वृक्षारोपण विस्तार गर्ने मेरो सरकारको नीति रहनेछ । अधिराज्यका जलाधारक्षेत्रहरू तथा अन्य क्षेतिग्रस्त भूभागको सम्भार र संरक्षण गर्न मेरो सरकारले विशेष ध्यान दिनेछ । तराई क्षेत्रमा वनकटानी गरी पुनर्वासको व्यवस्था गर्ने प्रथा रोकिनेछ । सुकुम्वासीहरूको आयको स्रोत केवल कृषि पेशामा मात्र सीमित भइरहेकोमा अब अरू पेशाहरूमा आश्रित हुने गरी पुनर्वास कार्यक्रम मेरो सरकारले सञ्चालन गर्ने भएको छ । विश्वका वन्य जन्तुको संरक्षण र सम्बर्द्धनको बढ्दो महत्वको परिप्रेक्ष्यमा हाल सञ्चालित राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु आरक्षहरूको क्षेत्र विस्तार गर्न तथा अरू सम्भाव्य नयाँ राष्ट्रिय निकुञ्ज तथा आरक्ष स्थापना गर्नेतर्फ मेरो सरकारले ध्यान दिनेछ ।

२२. मेरो सरकारले शिक्षाको विकास र विस्तारमा सर्वसाधारण जनता र विशेष गरी अभिभावकहरूलाई पनि सक्रिय रूपमा सहभागी बनाई केन्द्रबाट दिइने अनुदानका अतिरिक्त स्थानीय साधनहरूको समेत बढी मात्रामा परिचालन गर्ने नीति लिनेछ । विद्यार्थीहरू, शिक्षकहरू तथा अभिभावकहरूको हितको संरक्षणका साथै देशको सर्वांगीण विकासको लागि आवश्यक हुने जनशक्ति यथाशीघ्र तयार गर्नुपर्ने आजको स्थितिमा प्रतिकूल वातावरण खडा हुन नदिने तथा करदाताहरूको मिहेनत र पसीनाबाट उठेको राष्ट्रिय सम्पत्तिको दुरुपयोग हुन नदिने कुरामा मेरो सरकार दृढ रहनेछ । दक्ष र अर्धदक्ष जनशक्ति तयार गर्नको लागि थप प्राविधिक विद्यालयहरू स्थापना गरिने छन् । सब जिल्लाहरूमा कक्षा १ देखि ५ सम्म प्राथमिक शिक्षा कार्यक्रम लागू गरिनेछ । उच्च शिक्षाको क्षेत्रमा गुणात्मक विकासको लागि आवश्यक सुदृढीकरण कार्यक्रमहरू सञ्चालन गर्नुको अतिरिक्त विज्ञान तथा प्राविधिक शिक्षाको विस्तार गर्नमा मेरो सरकारले जोड दिनेछ ।

२३. ग्रामीण जनतालाई स्वास्थ्य सेवा उपलब्ध गराउन सामुदायिक स्वास्थ्य सेवालाई व्यापक तथा सुदृढ गर्न र परिवार नियोजन तथा मातृशिशु कल्याण कार्यक्रम सञ्चालनमा जनसहभागिता बढाउँदै लैजान मेरो सरकारले ध्यान दिनेछ । समाजमा विद्यमान् क्षय र कुष्ठ जस्ता रोगको साथै औलो रोगको नियन्त्रणको लागि सर्वेक्षण र औषधोपचारको व्यवस्था जिल्ला-जिल्लामा गरिनेछ र चालू अस्पतालहरूको सुदृढीकरण गरी स्वास्थ्य सेवाको स्तर वृद्धि गर्नमा मेरो सरकार प्रयत्नशील रहनेछ । यस वर्ष अन्तर्राष्ट्रिय अपाङ्ग वर्ष भएकोले समेत अपाङ्गहरूको समस्या समाधानतर्फ विशेष ध्यान दिइनेछ । देशमा पाइने जडीबूटीको सदुपयोग गरी मेरो सरकारले आयुर्वेदलाई प्रोत्साहन दिनेछ । स्वदेशी जडीबूटीमा आधारित औषधि उत्पादनमा मेरो सरकारले ध्यान दिनेछ ।

२४. न्याय प्रशासनलाई बढी सक्षम र सुदृढ गर्न नेपाल न्याय सेवाका कर्मचारीहरूलाई सेवा प्रवेश र सेवाकालीन तालीम दिने व्यवस्था मेरो सरकारले गर्नेछ ।

२५. शाही नेपाली सेनालाई युग सुहाउँदो तालीम दिने र चाहिने साधन-सम्पन्न गर्ने काम क्रमिक रूपले हासिल गरिनेछ । दैवी प्रकोपका बखत शाही नेपाली सेनाको हवाई सेवाको प्रयोग गरी उद्धारकार्य गर्ने गरी आएको क्रम जारी राखिनेछ । प्रहरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सेवाको बढ्दो आवश्यकता अनुसार यसलाई बढी अनुशासित र जनसेवामुखी तुल्याउँदै आवश्यक तालीम र साधन प्रदान गरिनेछ । मेरो सरकारले निजामती, प्रहरी तथा जंगी कर्मचारीहरूको लागि समयानुकूल बढी सहुलियतहरू प्रदान गर्ने व्यवस्था गर्नेछ ।

२६. देशको राजनैतिक ढाँचामा महत्त्वपूर्ण परिवर्तन भई बढी राजनैतिक स्थायित्व आइसकेपछि मुलुकको आर्थिक विकासकार्यक्रमलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्ने सक्षम प्रशासन यन्त्रको जरूरत आज अति महसूस भएको छ । त्यसैले प्रशासनयन्त्रलाई बढी सक्षम, सुदृढ र जनमुखी तुल्याउने उद्देश्यले प्रशासन सुधारसम्बन्धी एक व्यापक कार्यक्रम तयार गरी क्रमशः लागू गर्ने मेरो सरकारको कार्यक्रम छ । यसै सन्दर्भमा देशमा एक उच्च स्तरको निजामती तालीम संगठनको स्थापना गर्नेतर्फ ठोस कदम चाल्नुको साथै प्रशासनिक कानून तथा निजामती सेवाको शर्त–सुविधामा समेत परिवर्तन ल्याउन मेरो सरकार प्रयत्नशील रहनेछ । स्वच्छ प्रशासनले नै यथार्थमा जन-आस्था र विश्वास प्राप्त गर्न सक्ने भएकोले भ्रष्टाचार, ढीला-सुस्ती तथा लापरवाही जस्ता विकृतिहरू हटाउने कुरामा मेरो सरकार कटिबद्ध रहनेछ ।

२७. शान्तिपूर्ण सह-अस्तित्व, असंलग्नता, पारस्परिक सम्मान, समानता र सहयोगको आधारमा विभिन्न राजनैतिक परिपाटी भएका विश्वका सबै मुलुकहरूसंग मैत्री सम्बन्ध बढाउँदै लैजाने नेपालको परराष्ट्र नीति रही आएको कुरा सर्वविदितै छ । यी मूलभूत सिद्धान्तहरूमा अडिग रही विभिन्न अन्तर्राष्ट्रिय प्रश्नहरूप्रति नेपालले स्वतन्त्र रूपले आफ्नो दृष्टिकोण व्यक्त गर्दै आएको छ ।

२८. विकास यस युगको सबभन्दा ठूलो चुनौती हो । विकासको निमित्त शान्ति अनिवार्य सम्झेर हामीले संयुक्त राष्ट्रसंघको आदर्श एवम् असंलग्न सिद्धान्त अनुरूप नेपाललाई शान्तिक्षेत्र बनाउने घोषणा गरिबक्सेका छौं । शान्तिको आकाँक्षा र राष्ट्रिय हितलाई दृष्टिगत गरेर नै नेपालको संविधानको तेस्रो संशोधनमा यस कुरालाई संवैधानिक रूप प्रदान गरिएको हो । आज नेपालको शान्तिक्षेत्रको प्रस्तावको मान्यता अन्तर्राष्ट्रिय जगत्‌मा बढ्दै गई समर्थन जनाउने मुलुकहरूको संख्यामा वृद्धि हुँदै गएको छ ।

२९. हाम्रा छिमेकी मित्रराष्ट्रहरू गणतन्त्र भारत र जनवादी गणतन्त्र चीन-संगको हाम्रो सम्बन्ध सदा झैं सहयोग र समझदारीको आधारमा सुदृढ बनाउँदै लैजाने नीति कायम छ । विगत वर्ष मित्रराष्ट्र संयुक्त अधिराज्यकी महारानी एलिजाबेथ द्वितीया र मित्रराष्ट्र इजिप्टका राष्ट्रपति मोहम्मद अनवर अल सादातको निमन्त्रणामा हाम्रीबाट गरिबक्सेको संयुक्त अधिराज्य र अरब गणतन्त्र इजिप्टको राजकीय भ्रमणका अतिरिक्त पाकिस्तानको औपचारिक, बेल्जियम, साइप्रस, युगोस्लाभिया र बहराइनको अनौपचारिक भ्रमणबाट ती देशहरूसंग रही आएको परम्परागत मैत्री सम्बन्ध अझ घनिष्ठ हुन गएको छ । यसैगरी संयुक्त अधिराज्यका युवराज चार्ल्स, सिंगापुरका प्रधान-मन्त्री श्री लि क्वान यु तथा साउदी अरेबिया र इराकका परराष्ट्र मन्त्रीहरूका नेपाल भ्रमणले हाम्रो वैदेशिक सम्पर्कको क्षेत्रमा आफ्नै विशेषता राख्दछन् । केही दिनअघि मात्र सम्पन्न भएको मित्रराष्ट्र जनवादी गणतन्त्र चीनका प्रधानमन्त्री श्री चाओ चयानको हाम्रो देशको मैत्रीपूर्ण भ्रमणबाट दुई देशका बीचको सम्बन्ध अझ सुदृढ हुन गएको छ । यसै सिलसिलामा, छिमेकी मित्रराष्ट्र जनगणतन्त्र बंगलादेशका राष्ट्रपति स्वर्गीय श्री जियाउर रहमानको नेपाल भ्रमणले आफ्नै ढङ्गको महत्त्व राख्दछ । नेपालको भ्रमण सम्पन्न गरी स्वदेश फर्किएको केही हप्ताभित्रै राष्ट्रपतिको अचानक हत्या भएकोमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०४५

बंगलादेशले एक देशभक्त गुमाएको छ भने नेपालले एक मित्र गुमाएको छ । संयुक्त राष्ट्रसंघका महासचिव डा. कुर्ट वाल्ड हाइमबाट विगत वर्ष भएको नेपालको भ्रमणले हामीलाई राष्ट्रसंघप्रति आफ्नो दृढ आस्था पुनः दोहोऱ्याउने अवसर प्रदान गरेको छ । अन्तर्राष्ट्रिय क्षेत्रमा शान्ति स्थापना गर्ने काममा नेपालले सदैव योगदान गरी आए झैं संयुक्त राष्ट्रसंघको अनुरोधमा शाही नेपाली सेनाको डफ्फा पुनः लेबनानमा शान्ति स्थापना गर्ने कार्यमा मद्दत पुऱ्याउन त्यसतर्फ प्रस्थान गरिसकेको छ ।

३०. शान्तिको खोजी र प्राप्ति सबैको उद्देश्य रहे तापनि विश्वका अनेकन स्थानमा विद्यमान् रहेका झैझगडा र तनावको समाधान हुन नसक्नु दुःखलाग्दो कुरा हो । मध्यपूर्वमा हालै घटेका केही घटनाहरूले त्यस क्षेत्रको समस्यालाई अझ गम्भीर तुल्याएकोमा हामी चिन्तित छौं । इजरायल र प्यालेस्टिनी जनता लगायत त्यस भेकका सबै सम्बन्धित राष्ट्रहरूले शान्ति, सह-अस्तित्व र भ्रातृभावको आधारमा आफू बाँच्ने र अरूलाई पनि बाँच्न दिने वातावरण ल्याउन सहयोग गर्नुपर्छ । आफू मात्र ठीक भन्ने ढीपी र अहंकारको बाटो अन्ततोगत्वा सबैका लागि विनाशकारी नै हुन्छ । त्यस्तै इराक र इरानबीचको संघर्ष पनि आपसी छलफलद्वारा शान्तिपूर्ण ढङ्गले सुल्झाइनु पर्दछ भन्ने मेरो सरकारको नीति रहेको छ । मेरो सरकारले जहाँसुकै र जुनसुकै रूपमा भए पनि साम्राज्यवाद, उपनिवेशवाद र विस्तारवादको विरोध र जातिभेद र रंगभेद नीतिको सदैव भर्त्सना गर्दै आएको छ र यो नीतिलाई कायमै राखिनेछ । दक्षिण एशियाका राष्ट्रहरूबीच विभिन्न विषयहरूमा क्षेत्रीय सहयोगको ठोस र नियमित व्यवस्था खडा गर्नेतर्फ मेरो सरकार सक्रिय रहनेछ ।

३१. हाम्रो देशको आर्थिक तथा सामाजिक विकासको निमित्त सहयोग गर्ने सबै अन्तर्राष्ट्रिय संघ, संस्था तथा मित्रराष्ट्रहरूबाट प्राप्त सहयोगका लागि हामी आभार व्यक्त गर्न चाहन्छौं ।

३२. अन्तमा, पञ्चायत व्यवस्था समष्टिमा सबै नेपालीलाई समेट्ने नेपाली माटोमा हुर्की बढेको एक व्यापक प्रजातान्त्रिक व्यवस्था भएको हुनाले हामी सबैले ससाना स्वार्थ र संकीर्णतालाई छाडी नेपाल र नेपालीप्रति आफ्नो गहन जिम्मेदारी सम्झी यसैमा सम्मिलित हुनुपर्ने वास्तविकतालाई कहिल्यै नबिर्सौं । आज प्रत्येक नेपालीले गौरव राख्नु पर्ने सबभन्दा महत्वपूर्ण कुनै कुरा छ भने त्यो नेपालको स्वतन्त्र अस्तित्व नै हो । प्रत्येक नेपालीले सबभन्दा बढी जागरूक हुनु पर्ने कुनै कुरा छ भने त्यो राष्ट्रको स्वतन्त्रताको संरक्षण नै हो । मुलुकको आर्थिक विकास सबै नेपालीको हितको निम्ति यथाशीघ्र साकार हुन सकेमा नै प्रजातन्त्रको सुदृढीकरणतर्फ उठेका हाम्रा नयाँ कदमहरू सार्थक हुनेछन् । यस महान् अभियानमा हामी सबै एक जुट हुन सकौं । यस काममा सदा झैं मेरो सरकारलाई सबैको सहयोग उपलब्ध हुनेछ भन्ने हामीबाट आशा राखिबक्सेका छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् ।

जय नेपाल !

आज्ञाले–
श्यामकृष्ण भट्टराई
राष्ट्रिय पञ्चायतको सचिव

---

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०६